## “अन्वेषी” वर्ष पुस्तकको विमोचन कार्यक्रममा

## आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको मन्तव्य

**यस कार्यक्रमका अध्यक्ष, आमन्त्रित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरू**

महिला पुनर्स्थापना केन्द्र, ओरकले हरेक वर्ष २५ नोभेम्बरको दिन पारेर महिला हिंसा विरुद्धको वर्ष पुस्तक **“अन्वेषी”** प्रकाशन गर्दै आइरहेको छ। बर्षेनी गरि रहनुभएको यो कार्य विगत ५ बर्ष देखि निरन्तर मलाई यस पुस्तकको विमोचन अवसर दिनुभएकोमा म आयोजक संस्था ओरेक नेपाललाई धन्यवाद दिन चाहन्छु।

नेपालको कुल जनसंख्याको आधाभन्दा बढी जनसंख्या रहेका महिलाहरू वर्षेनी हिंसामा परिरहेको अवस्था छ । नेपाल सरकारले महिला हिंसा अन्त्य र महिला अधिकार संरक्षणमा प्रतिवद्धता व्यक्त गरी आफ्नो बजेट, नीति तथा कार्यक्रमहरू ल्याएको छ, साथै नेपालको संविधान र कानूनले महिला हिंसाका विभिन्न रुपहरूलाई अपराध मानेको छ र महिला अधिकारको विषयमा निकै नै राम्रा कानूनहरू निर्माण भएको भएपनि यसको प्रभावकारी कार्यान्वयनले मात्र महिलाको मुद्दा सम्बोधन हुन्छ । मानव अधिकार सम्बन्धित अन्तराष्ट्रिय दस्तावेजहरूले समेत महिला हिंसा मानव अधिकारको गम्भीर उल्लंघनको रुपमा मानेको छ। कागजी रुपमा सवै बलियो पक्ष हुँदा हुँदै पनि हाम्रो समाजमा महिला माथि विभिन्न प्रकारका हिंसाका रुपहरू यथावत नै देखिन्छन्। हिंसा पीडितहरूको न्यायमा पहुँच, सहज, सरल र सुरक्षित रुपमा हुन सकिरहेको छैन । हिंसा पीडितहरूलाई मनोसामाजिक परामर्श, कानुनी परामर्श, समाजमा पुनर्स्थापित लगायतका कार्यहरू प्रभावकारी रुपमा हुन सकिरहेको छैन । कानूनहरू राम्रा र सुन्दर निर्माण गर्नमा हाम्रो अग्रसरता दक्षिण एसियामै प्रसंशनीय

रहेको छ तर कार्यान्वय गर्ने तर्फ हेर्दा अझै पनि हाम्रा कानुन कार्यान्वयन गर्ने संरचनाहरू  कानूनसँग तालमेल हुने गरी मैत्री हुन बाँकी नै देखिन्छन् । दण्डहीनता हाम्रो संस्कार र प्रणाली नै जस्तो भइसकेको छ ।

महिला पुनर्स्थापना केन्द्र ओरेक नेपाल, महिला अधिकारप्रति समर्पित एवं सामाजिक न्यायका निम्ति संघर्षरत संस्थाले हरेक वर्ष महिला माथि हुने हिंसा जुन मानव अधिकारको गम्भीर उल्लंघनको विषय हो यसलाई अन्वेषी प्रतिवेदन मार्फत हामी सामु  ल्याउने प्रयास .भएको छ । यो एकदमै सराहनीय छ । विस्तृत अध्ययन अनुसन्धान र विश्लेषण मार्फत तयार पारिएको यो प्रतिवेदनले नेपालमा महिला माथि हुने हिंसाका विभिन्न प्रकारहरू, रुपहरू, हिंसा प्रभावितहरूको अवस्था र परिचय, पीडक पक्षको समेत पृष्ठभूमि र अवस्था सहितका विषयहरू समावेश गरी हरेक कोणबाट अध्ययन गरेर मेहनतका साथ तयार पारिएको अन्वेषी प्रतिवेदनले उजागर गरेको महिला हिंसाको बास्तविकता र विश्लेषणले पक्कै पनि राष्ट्रिय मानव अधिकार आयोग, नेपाल सरकार लगायत अन्य सरोकारवाला निकायहरूलाई महिला हिंसा अन्त्यको लागि ठोस कार्य गर्न सहयोग गर्ने देखेको छु । यस्तो किसिमका तथ्यपरक र बस्तुनिष्ठ अध्ययन अनुसन्धान प्रतिवेदनहरु निरन्तर रुपमा आउनुपर्दछ ।

अन्त्यमा, २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म महिला विरुद्ध हुने १६ दिने अभियान कार्यक्रमको अवसरमा आयोजित यस कार्यक्रमले  महिला माथि हुने हिंसालाई  अन्त्य गर्नको लागि हामी सवैलाई थप बल पुग्नेछ । **Orange the world: Generation Equality Stands Against Rape** भन्ने यस बर्षको अन्तर्राष्ट्रिय नारालाई आत्मसात गर्दै महिला माथि हुने हिसााको अन्त्य गर्न राष्ट्रिय मानव अधिकार आयोग सदैव प्रतिवद्ध रहेको छ । मानव अधिकारको संरक्षण र संम्वर्द्धनको लागि राष्ट्रिय मानव अधिकार आयोगले यहाँहरूको साथ र सहयोग निरन्तर रुपमा पाइनै रहनेछ भन्ने मेरो विश्वास रहेको छ ।

! धन्यवाद !

९ मङ्सिर,२०७६, ललितपुर